सम्माननीय प्रधानमन्त्रीलाई मानव अधिकार रक्षकहरूको खुला पत्र

सम्माननीय प्रधानमन्त्रीज्यू,

यहाँलाई अवगत नै छ की जेनजी आन्दोलनले नेपालको राजनीतिमा नयाँ आशा र अपेक्षा जन्माएको थियो। विगतका राजनीतिक दल र सरकारप्रति बढ्दै गएको निराशा, गहिरिदो कुशासन, दण्डहीनता, विभेद र जवाफदेहिताको अभावविरुद्ध युवा पुस्ता सडकमा उत्रिएको थियो। आन्दोलनका क्रममा ठूलो जनधनको क्षति भयो। तर त्यसले स्थापित राजनीतिक अभ्यासमाथि गम्भीर प्रश्न उठाउँदै नयाँ राजनीतिक चेतनाको ढोका पनि खोल्यो। तत्कालीन सरकार र संसद् विस्थापित भए। नयाँ अन्तरिम सरकारले सफलतापूर्वक निर्वाचन गरायो। निर्वाचनमार्फत विगतका राजनीतिक दलहरूलाई जनताले दण्डित गरे र राष्ट्रिय स्वतन्त्र पार्टीलाई झन्डै दुई तिहाई बहुमत दिएर सरकार सञ्चालनको ऐतिहासिक जिम्मेवारी सुम्पिए।

यो जनादेश केवल सरकार परिवर्तनका लागि थिएन। राज्य सञ्चालनको शैली, राजनीतिक संस्कार र सार्वजनिक संस्थाहरूको कार्यशैलीमा आधारभूत परिवर्तन होस् भन्ने जनअपेक्षाको सामूहिक अभिव्यक्ति थियो। विगतका गल्ती नदोहोरिऊन्, सार्वजनिक पद र संस्थाहरू दलीय वा गुटगत स्वार्थबाट मुक्त होऊन्, मानव अधिकारको सम्मान होस् र राज्य जनताप्रति जवाफदेही बनोस् भन्ने चाहना यसमा अभिव्यक्त भएको थियो।

हामी मानव अधिकार रक्षकहरूका लागि पनि यो परिवर्तन विशेष अपेक्षाको विषय थियो। किनकि यसले लामो समयदेखि उठाउँदै आइएका मानव अधिकार, सामाजिक न्याय, दण्डहीनताको अन्त्य, समावेशिता र संस्थागत जवाफदेहिताका सवाललाई अब राज्यले गम्भीरतापूर्वक सम्बोधन गर्नेछ भन्ने विश्वास जगाएको थियो।

सरकारले प्रारम्भिक दिनमा केही सकारात्मक सन्देश पनि दियो। मन्त्रिपरिषद्बाट पारित शासकीय सुधारसम्बन्धी १०० बुँदे दस्तावेजमा ऐतिहासिक विभेद र बहिष्करण भोगेका समुदायसँग क्षमा माग्नेदेखि सार्वजनिक सेवा प्रवाह, सामाजिक–आर्थिक सुधार र सुशासन प्रवर्द्धनसम्मका प्रतिबद्धता व्यक्त गरिए। केही सार्वजनिक सेवामा तत्काल सुधारका प्रयास पनि भए र त्यसको सकारात्मक परिणाम सेवाग्राहीले अनुभव गर्न थालेका पनि छन्।

तर सरकारका प्रतिबद्धता र व्यवहारबीचको दूरी समयक्रमसँगै बढ्दै गएको छ। विगतका सरकारका गलत अभ्यास र नजिरलाई निरन्तरता दिने प्रवृत्ति देखिन थालेको छ। सात महिनाको कार्यकाललाई हेर्दा परिवर्तनको अनुभूति गराउने आधारभूत सुधार भएको छ भन्न सकिने अवस्था देखिँदैन। बरु सरकारका आफ्नै प्रतिबद्धता र व्यवहारबीचको विरोधाभासले जनताको विश्वास कमजोर पार्दै लगेको छ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

यस परिप्रेक्ष्यमा हामी तपाईंको ध्यान विशेष गरी निम्न सवालहरूमा आकर्षित गर्न चाहन्छौंः

संसदीय लोकतन्त्र र सुशासनप्रतिको प्रतिबद्धताः विगतका सरकारहरू संसद्लाई छल्दै अध्यादेशमार्फत शासन चलाउन अभ्यस्त थिए। त्यसको व्यापक आलोचना भएको थियो। अहिले झन्डै दुईतिहाइ बहुमत प्राप्त सरकारबाट संसद्लाई नै नीति तथा कानुन निर्माणको प्रमुख थलो बनाइने आम अपेक्षा थियो। तर अहिले पनि अध्यादेशमार्फत शासन गर्ने प्रवृत्ति दोहोरिएको छ। संसद्मा पर्याप्त बहुमत हुँदाहुँदै अध्यादेशको बाटो रोज्नुले सरकारको संसदीय प्रतिबद्धतामाथि प्रश्न उठाएको छ।

त्यस्तै, सार्वजनिक नियुक्तिमा योग्यता, क्षमता र निष्पक्षताभन्दा राजनीतिक निकटता र शक्ति सन्तुलनलाई प्राथमिकता दिने विगतको विकृति अन्त्य हुने अपेक्षा थियो। सरकारले नियुक्ति प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक बनाउने प्रतिबद्धता पनि जनाएको थियो। तर व्यवहारमा प्रक्रिया देखाउने र परिणाममा पुरानै राजनीतिक भागबन्डा तथा निकटतालाई प्राथमिकता दिने र अवसरवादलाई प्रश्रय दिने प्रवृत्ति दोहोरिएको गुनासो छ। यसले सार्वजनिक संस्थाहरूको विश्वसनीयता र सरकारको निष्पक्षतामाथि प्रश्न उठाएको छ।

सुशासन भनेको छिटो निर्णय गर्नु मात्र होइन। निर्णय कानुनसम्मत, पारदर्शी र जवाफदेही हुनु पनि हो। बहुमतको बलमा संस्थागत प्रक्रिया कमजोर पार्नु सुशासन हुन सक्दैन।

संक्रमणकालीन न्याय र दण्डहीनताको अन्त्यः दशवर्षे सशस्त्र द्वन्द्वका पीडितहरू लामो समयदेखि सत्य, न्याय र परिपूरणको प्रतीक्षामा छन्। शान्ति सम्झौताले अघि सारेको राष्ट्रिय अभिभारालाई नयाँ सरकारले विश्वसनीय रूपमा टुङ्गोमा पुऱ्याउने अपेक्षा थियो। तर संक्रमणकालीन न्याय प्रक्रियालाई पीडितकेन्द्रित र मानव अधिकारमैत्री ढङ्गले अघि बढाउने ठोस राजनीतिक इच्छाशक्ति देखिएको छैन।

त्यसैगरी, जेनजी आन्दोलनका क्रममा भएका ज्यादती र गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाको छानबिन गरी कार्की आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिस कार्यान्वयनमा सरकारले पर्याप्त तत्परता देखाएको छैन। अर्कोतर्फ, आयोगको प्रतिवेदन आउनुअघि नै आन्दोलनमा

सहभागी भएका व्यक्तिहरूलाई पक्राउ गर्ने र मुद्दा चलाउने काम भएको छ। आयोगले नै कारबाहीको सिफारिस गरेका व्यक्तिका सम्बन्धमा भने आवश्यक कारबाही अघि नबढाइएको भन्ने प्रश्न पनि उठेको छ। राज्यको दृष्टिकोण चयनात्मक देखिएको छ। यसबाट सीमान्तकृत समुदायका आन्दोलनकारीमाथि असमानुपातिक असर परेको भन्दै त्यसको छानबिन गरी सच्याउन र राज्यले सबैप्रति समान तथा सन्तुलित दृष्टिकोण अपनाउनुपर्ने माग स्वयं जेनजी अभियन्ताहरूबाटै घनीभूत रूपमा उठ्दै आएको छ।

अनुसन्धान र अभियोजन राजनीतिक सुविधा वा प्रतिशोधका आधारमा हुन सक्दैन। पीडित र आरोपित दुवैको अधिकारको सम्मान गर्दै प्रमाण, कानुन र निष्पक्ष प्रक्रियाका आधारमा कारबाही हुनुपर्छ। दण्डहीनताको अन्त्य गर्ने प्रतिबद्धता सबैका हकमा समान रूपमा लागू हुनुपर्छ।

भूमिहीन तथा सुकुम्बासी नागरिकमाथिको व्यवहारः सरकारले भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको पहिचान ६० दिनभित्र गर्ने र एक हजार दिनभित्र व्यवस्थापन गर्ने प्रतिबद्धता जनाएको थियो। यसले ऐतिहासिक अन्याय र बहिष्करण भोगेका नागरिकमा राज्यले सम्मानजनक समाधान दिन्छ भन्ने आशा जगाएको थियो।

तर व्यवहारमा वैकल्पिक व्यवस्था नगरी हजारौं नागरिकलाई विस्थापन गरिएको छ। उनीहरूको बसोबास, जीविकोपार्जन र सामाजिक सुरक्षाको अवस्थालाई विचार गरिएको देखिएन। बालबालिकाको शिक्षा प्रभावित भयो। ज्येष्ठ नागरिक, गर्भवती, सुत्केरी, बिरामी तथा अपाङ्गता भएका व्यक्तिका विशेष आवश्यकता र अवस्थासमेत विचार गरिएन। प्रकारान्तरले जुन समुदायसंग माफि माग्ने भनिएको थियो तीनैं समुदायका सदस्यहरूलाई उठिवासको सामूहिक दण्ड भोगाउने अवस्था सृजना भयो । सरकारको कदमको व्यापक आलोचना भयो । तर पनि सर्वोच्च अदालतको अन्तरिम आदेश आएपछि मात्र विस्थापन अभियान रोकिएको अवस्थाले सरकारको कार्यशैलीमाथि थप प्रश्न उठाएको छ।

भूमि समस्या सार्वजनिक जग्गा खाली गराउने प्रशासनिक विषय मात्र होइन। यो ऐतिहासिक अन्याय, सामाजिक बहिष्करण, आवासको अधिकार, जीविकोपार्जन र सामाजिक न्यायसँग जोडिएको विषय हो। राज्यले नागरिकको समस्या समाधान गर्ने हो, उनीहरूलाई थप असुरक्षित बनाउने होइन।

सरकारले भूमि समस्या समाधानका लागि केन्द्रदेखि जिल्लासम्म समिति गठन गरेको भए पनि वास्तविक समाधानको विश्वसनीयआधार अझै स्पष्ट छैन। भूमिसुधार, हदबन्दीसम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन, वास्तविक भूमिहीनको पहिचान र न्यायोचित वितरण बिना यो समस्या समाधान हुन सक्दैन।

विपन्न नागरिकको जीवन र सामाजिक न्यायः महँगी, कृत्रिम अभाव, कालोबजारी, नाफाखोरी र उपभोक्ता ठगीबाट आजित नागरिकले नयाँ सरकारबाट दैनिक जीवन सहज हुने अपेक्षा गरेका थिए। तर आधारभूत उपभोग्य वस्तु सर्वसुलभ छैनन । खाना पकाउने ग्यासको आपूर्तिसमेत सहज हुनै सकेको छैन। यसको सबैभन्दा ठूलो मार न्यून आय भएका र सीमान्तकृत समुदायले खेप्नुपरेको छ।

अन्तर्राष्ट्रिय बजार, युद्ध र बाह्य परिस्थितिलाई मात्र दोष दिएर सरकार आफ्नो जिम्मेवारीबाट पन्छिन मिल्दैन। बजार अनुगमन, आपूर्ति व्यवस्थापन, उपभोक्ता संरक्षण र आवश्यक वस्तुको सहज उपलब्धताका लागि सरकारको आफ्नै जिम्मेवारी हुन्छ।

सरकारका नीति, कार्यक्रम र बजेटमा पनि विपन्न तथा सीमान्तकृत नागरिकको जीवनमा प्रत्यक्ष परिवर्तन ल्याउने कार्यक्रमले पर्याप्त प्राथमिकता पाएको देखिँदैन। सामाजिक सुरक्षा जस्ता विगतका कार्यक्रमको निरन्तरताबाहेक नयाँ रूपान्तरणकारी पहलको अभाव देखिन्छ। स्वास्थ्य बिमाले निरन्तरता त पाएको छ, तर यसको कार्यान्वयन सरकारी अस्पतालबाट मात्र हुने गरी गरिएको नीतिगत परिवर्तनले बिमा सुविधामार्फत उचित उपचार पाउन पनि नागरिकले सास्ती खेप्नुपर्ने अवस्था सिर्जना भएको छ। रोजगारी, जीविकोपार्जन, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा राज्यको लगानी तथा प्राथमिकता को सवालमा आवश्यक स्पष्टता देखिदैन ।

विपद्पीडित नागरिकको पुनर्स्थापना र जलवायु न्यायः भोटेकोशी, कालीगण्डकी र बूढीगण्डकीलगायतका क्षेत्रमा बाढी तथा अन्य विपद्घाट ठूलो जनधनको क्षति भएको छ। सरकारले तत्काल उद्धार र राहतमा तदारुकता देखाए पनि पीडितहरूको पुनर्स्थापना, जीविकोपार्जन र दीर्घकालीन पुनर्निर्माणका लागि स्पष्ट र एकीकृत योजना सार्वजनिक गर्न सकेको छैन।

विपद्पीडितको अवस्था मृतक र भौतिक क्षतिको तथ्याङ्कमा मात्र सीमित हुँदैन। बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, दीर्घरोगी, गर्भवती तथा सुत्केरी महिला, अभिभावक गुमाएका बालबालिका र विस्थापित परिवारका आवश्यकता फरक हुन्छन्। तिनको पहिचान गरी आवश्यकताअनुसार पुनर्स्थापना तथा सामाजिक संरक्षणको व्यवस्था हुनुपर्छ।

अन्तर्राष्ट्रिय मञ्चमा जलवायु न्यायको माग उठाउनु महत्त्वपूर्ण छ। तर जलवायु परिवर्तनका कारण देशभित्रै विस्थापित भएका र जीवन गुमाएका नागरिकप्रति राज्य कति न्यायशील छ भन्ने कुराले नै हाम्रो जलवायु न्यायको प्रतिबद्धताको विश्वसनीयता निर्धारण गर्छ।

विचार तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक समाजको भूमिकाः जेनजी आन्दोलनले उठाएको एउटा महत्त्वपूर्ण सवाल राज्यसत्ताको जवाफदेहिता र नागरिक स्वतन्त्रताको सम्मान थियो। त्यस परिप्रेक्ष्यमा

आलोचना र असहमतिलाई सरकारबाट लोकतन्त्रको स्वाभाविक अभ्यासका रूपमा स्वीकार गर्ने अपेक्षा थियो। तर सरकारका आलोचक, सञ्चारकर्मि र असहमत विचार राख्ने नागरिकप्रति असहिष्णु व्यवहार बढ्दै गएको छ। सरकार प्रेसको स्वतन्त्रता होइन कतै प्रेसबाट स्वतन्त्रता पो चाहिरहेको छ कि भन्ने गम्भीर प्रश्नहरु उठ्ने गरेका छन ।

प्रेसमाथि नियन्त्रण गर्ने, आलोचनात्मक आवाजलाई कमजोर पार्ने वा नागरिक समाजको निगरानी र खबरदारीलाई शत्रुतापूर्ण रूपमा लिने प्रवृत्ति लोकतान्त्रिक परिवर्तनको मर्मविपरीत हुन्छ। स्वतन्त्र प्रेस र नागरिक समाज सरकारको विकल्प होइन, तर सरकारलाई जवाफदेही बनाउने लोकतान्त्रिक प्रक्रियाको अभिन्न हिस्सा हो।

सरकारले आलोचनालाई व्यक्तिगत प्रतिष्ठाको प्रश्न बनाउनु हुँदैन। स्वतन्त्र सञ्चारमाध्यम, मानव अधिकार रक्षक, नागरिक समाज र विपक्षी दलको आलोचना सुन्ने र त्यसको जवाफ दिने संस्कार विकास गर्नुपर्छ।

सरकारको सक्षमता र सफलता विद्यार्थी युनियन तथा ट्रेड युनियन खारेज गर्नुमा होइन, तिनको रचनात्मक र सिर्जनशील रूपान्तरणमा देखिनुपर्ने थियो। त्यसतर्फ लाग्नुको सट्टा संवैधानिक रूपमा प्रत्याभूत स्वतन्त्रतामा अंकुश लगाउने गरी विवादास्पद कदम चाल्दा पनि सरकार विवादित बन्यो ।

संसद्, न्यायपालिका र संवैधानिक संस्थाहरूको स्वतन्त्रताः संसद्लाई औपचारिकतामा सीमित राखेर शीर्ष तहमा निर्णय गर्ने र पछि संसदीय संस्थाबाट अनुमोदन गराउने विगतको अभ्यासको अन्त्य हुने अपेक्षा थियो। तर संसद्ले आफ्नो वास्तविक भूमिका निर्वाह गर्न सकेको देखिँदैन। संसद् सरकारका निर्णय अनुमोदन गर्ने थलो मात्र होइन, सरकारलाई प्रश्न गर्ने, नीति तथा कानुनमाथि बहस गर्ने र जनताप्रति जवाफदेही बनाउने सर्वोच्च जनप्रतिनिधिमूलक संस्था हो। संसदकै प्रमुख नेता भएर पनि प्रधानमन्त्रीज्यू कै संसदप्रतिको लगाव, वफादारिता र भरोशा देखिएको छैन। यो नितान्त विचारणीय सवाल हो।

न्यायपालिकामा संस्थागत तथा संरचनागत समस्या छन् भन्ने कुरा जगजाहेरै छ। तर ती समस्याको समाधान न्यायपालिकाको स्वतन्त्रतामाथि हस्तक्षेप गरेर हुन सक्दैन। न्यायिक सुधारका लागि वस्तुनिष्ठ अध्ययन/अनुसन्धान, पारदर्शी नियुक्ति र जवाफदेहिताका संस्थागत उपाय आवश्यक छन्। व्यक्तिका कमजोरी वा अनियमितताको नाममा स्वतन्त्र न्यायपालिकाको संस्थागत गरिमामाथि आघात पुग्नु हुँदैन।

त्यस्तै, अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता संवैधानिक निकायलाई राजनीतिक दबाब र प्रभावबाट मुक्त राख्नुपर्छ। भ्रष्टाचारको अनुसन्धान र अभियोजन चयनात्मक वा राजनीतिक प्रतिशोधको औजार बन्नु हुँदैन। संवैधानिक संस्थाहरूको स्वतन्त्रता र निष्पक्षता लोकतन्त्रको आधार हो।

वैदेशिक रोजगारीमा रहेका नागरिक र उनीहरूको परिवारः वैदेशिक रोजगारीमा गएका नागरिकको योगदानलाई सम्मान गर्ने, उनीहरूको श्रम र अधिकारको संरक्षण गर्ने तथा स्वदेश फर्केपछि सामाजिक सुरक्षा र जीविकोपार्जनको आधार सिर्जना गर्ने अपेक्षा नयाँ सरकारसँग थियो। तर नीति, बजेट र व्यवहारमा उनीहरूको अवस्थालाई सम्बोधन गर्ने पर्याप्त परिवर्तन देखिएको छैन।

विप्रेषणमा निर्भर अर्थतन्त्रले वैदेशिक रोजगारीमा रहेका नागरिकको श्रम र जोखिमलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ। उनीहरूको श्रम अधिकार, सुरक्षा, न्यायमा पहुँच, सामाजिक सुरक्षा र स्वदेश फर्केपछि पुनःएकीकरणका लागि ठोस कार्यक्रम आवश्यक छन्।

प्रहरी प्रशासन र राज्यशक्तिको दुरुपयोगः प्रहरी र कर्मचारीतन्त्रलाई राजनीतिक स्वार्थअनुकूल परिचालन गर्ने प्रवृत्ति विगतको गम्भीर समस्या थियो। विगतमा सरुवा, बढुवा र कारबाहीलाई दबाब तथा प्रभावको औजार बनाइयो। नयाँ सरकारले यो प्रवृत्तिको अन्त्य गरी प्रहरी संगठनको व्यावसायिक स्वायत्तता र जवाफदेहिता सुनिश्चित गर्ने अपेक्षा थियो।

तर प्रहरी संगठनको व्यावसायिक स्वतन्त्रतामाथि हस्तक्षेप भइरहेको र राजनीतिक निर्देशनअनुसार परिचालन गर्ने प्रवृत्ति दोहोरिएको गुनासो बढेको छ। प्रतिशोधपूर्ण पक्राउ, अनधिकृत धरपकड र राज्यशक्तिको दुरुपयोगसम्बन्धी प्रश्नहरू पनि उठिरहेका छन्।

लोकतान्त्रिक सरकारको मूल्याङ्कन उसले आफ्ना समर्थकलाई गर्ने व्यवहारबाट हुँदैन। आलोचक, विपक्षी र असहमत विचार राख्ने नागरिकलाई कस्तो निष्पक्ष र कानुनसम्मत व्यवहार गर्छ भन्ने कुराले पनि सरकारको लोकतान्त्रिक चरित्र निर्धारण गर्छ।

आन्तरिक लोकतन्त्र र राजनीतिक जवाफदेहिताः झन्डै दुईतिहाइ बहुमत प्राप्त सरकार स्थिर र प्रभावकारी हुनेछ भन्ने अपेक्षा थियो। तर सत्तारूढ दलभित्रको आन्तरिक खिचातानीले सरकारको स्थायित्व र कार्यसम्पादनमाथि नै प्रश्न उठ्न थालेको छ।

सरकारको स्थायित्व केवल संसदीय अंकगणितमा निर्भर हुँदैन। सरकार सञ्चालनमा स्पष्ट नीति, संस्थागत निर्णय प्रक्रिया, आन्तरिक लोकतन्त्र र जनताप्रतिको जवाफदेहिता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन्। राजनीतिक दलभित्रको स्वार्थ र विवादले सार्वजनिक नीति तथा राज्य सञ्चालनलाई प्रभावित गर्नु हुँदैन।

संसद्प्रतिको जवाफदेहिता र उत्तरदायित्व लोकतन्त्रका आधारभूत मान्यता हुन्। लोकतन्त्रले निश्चित प्रक्रिया, संस्थागत मर्यादा र जवाफदेहिता खोज्छ। बहुमत प्राप्त हुँदैमा यी मान्यतालाई कमजोर पार्न मिल्दैन।

प्रधानमन्त्रीज्यू,

माथि उठाइएका सवाल सरकारका केही निर्णय वा प्रशासनिक कमजोरीमा मात्र सीमित छैनन्। यी सवाल सरकारको समग्र कार्यशैली, लोकतान्त्रिक संस्कार, मानव अधिकारप्रतिको प्रतिबद्धता र राज्यका संस्थाहरूप्रतिको दृष्टिकोणसँग जोडिएका छन्।

हामी सरकारलाई असफल देख्न चाहँदैनौं। जेनजी आन्दोलनले जन्माएको परिवर्तनको आशा असफल नहोस् भन्ने हाम्रो चासो हो। सरकारसँग अझै आफ्नो कार्यशैली सच्याउने र जनताको विश्वास पुनःस्थापित गर्ने अवसर छ। त्यसका लागि निम्न कदमहरू तत्काल अघि बढाउन हामी आग्रह गर्दछौं।

१. प्रतिबद्धताको सार्वजनिक समीक्षा र कार्ययोजनाः सरकारको १०० बुँदे शासकीय सुधार कार्यक्रम तथा जेनजी-सरकारबीचको दशबुंदे सम्झौतामार्फत गरिएका प्रतिबद्धताको बुँदागत प्रगति सार्वजनिक गरियोस्। कार्यान्वयन भएका, नभएका विषय स्पष्ट गरी जिम्मेवार निकाय, समयसीमा र अपेक्षित उपलब्धिसहितको कार्ययोजना सार्वजनिक गरियोस्।

२. संसदप्रतिको उत्तरदायित्व र विधिको शासनः संसद्लाई छल्ने अध्यादेश राजको प्रवृत्ति अन्त्य गरियोस्। आवश्यक कानुन संसद्बाटै निर्माण गर्ने अभ्यास स्थापित गरियोस्।

सार्वजनिक नियुक्तिमा खुला प्रतिस्पर्धा, योग्यता, निष्पक्षता र पारदर्शी मापदण्ड अनिवार्य गरियोस्।

३. भूमिहीनको सम्मानजनक व्यवस्थापनः वैकल्पिक आवास र जीविकोपार्जनको व्यवस्था नगरी नागरिकलाई विस्थापन नगर्ने नीति तत्काल लागू गरियोस्। विस्थापित परिवारको पुनःस्थापना तथा बालबालिकाको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको व्यवस्था गरियोस्। भूमिहीन तथा अव्यवस्थित बसोबासीको पहिचान र व्यवस्थापनका लागि स्पष्ट कानुनी मापदण्ड तथा समयबद्ध कार्ययोजना सार्वजनिक गरियोस्। साथै त्यसको इमान्दार कार्यान्वयन होस ।

४. विपन्न तथा सीमान्तकृत समुदायका लागि लक्षित कार्यक्रमः महँगी र आधारभूत वस्तुको अभाव नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन गरियोस्। न्यून आय भएका नागरिकका लागि रोजगारी, सामाजिक सुरक्षा, स्वास्थ्य सेवा र जीविकोपार्जनमा प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमलाई बजेटमा प्राथमिकता

दिइयोस्। वैदेशिक रोजगारीबाट फर्किएका नागरिकको पुनःएकीकरणका लागि पनि विशेष कार्यक्रम ल्याइयोस्।

५. विपद्पीडितको पुनर्स्थापना र पुनर्निर्माणः भोटेकोशी, कालीगण्डकी, बूढीगण्डकीलगायतका विपद्पीडितको शिघ्र विस्तृत आवश्यकता मूल्याङ्कन गरी पुनर्स्थापना, आवास र जीविकोपार्जनको एकीकृत योजना सार्वजनिक गरियोस्। महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अन्य जोखिममा रहेका समूहका विशेष आवश्यकता सम्बोधन गरियोस्। आवश्यकताअनुसार जीवनयापन सहज बनाउन समतामूलक रूपमा राहत, सामाजिक संरक्षण तथा आर्थिक सहायता प्रदान गरियोस्।

६. संक्रमणकालीन न्यायको सुनिश्चितता र जेनजी आन्दोलनका घटनाको निष्पक्ष अनुसन्धान/अभियोजनः शान्ति सम्झौता, सर्वोच्च अदालतका आदेश तथा अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानुनअन्तर्गतका दायित्वअनुरूप पूरा गर्नुपर्ने संक्रमणकालीन न्यायको बाँकी अभिभारा पूरा गर्न पीडित समुदायसँगको परामर्शमा तत्काल विश्वसनीय प्रक्रिया अघि बढाइयोस्।

कार्की आयोग तथा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि सार्वजनिक कार्ययोजना बनाइयोस्। आन्दोलनका क्रममा भएका मानव अधिकार उल्लङ्घनका सबै घटनाको निष्पक्ष अनुसन्धान र प्रमाणमा आधारित कारबाही सुनिश्चित गरियोस्। जेनजी आन्दोलनकारीमाथि एकतर्फी रूपमा लगाइएका मुद्दाबारे उत्पन्न गम्भीर असन्तुष्टिलाई जेनजी-सरकार सम्झौताको मर्मसमेतलाई ध्यानमा राखी तत्काल छानबिन तथा सम्बोधन गरियोस्।

७. प्रहरी तथा प्रशासनको व्यावसायिक स्वायत्तताः प्रहरी र कर्मचारीतन्त्रलाई राजनीतिक दबाबबाट मुक्त राख्न सरुवा, बढुवा, नियुक्ति र कारबाहीका पारदर्शी तथा वस्तुनिष्ठ मापदण्ड लागू गरियोस्। अनधिकृत पक्राउ, धरपकड र राज्यशक्तिको दुरुपयोगका घटनाको स्वतन्त्र छानबिन गरियोस्। त्यस्ता सुशासन र कानुनी शासन वर्खिलापका स्वेच्छाचारी गतिविधि पुनरावृत्ति नहुने सुनिश्चित गरियोस ।

८. नागरिक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिः प्रेस, नागरिक समाज र सरकारका आलोचकप्रति असहिष्णु व्यवहार अन्त्य गरियोस्। शान्तिपूर्ण विरोध, असहमति र आलोचनालाई लोकतान्त्रिक अधिकारका रूपमा सम्मान गरियोस्। मानव अधिकार रक्षकहरूको सुरक्षा र स्वतन्त्र रूपमा काम गर्न पाउने वातावरण सुनिश्चित गरियोस्।

९. संवैधानिक संस्थाहरूको स्वतन्त्रता र संस्थागत सुधारः न्यायपालिका र राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका संवैधानिक निकायको स्वतन्त्रता र निष्पक्षता सुनिश्चित गरियोस्। संस्थागत सुधारका लागि सम्बन्धित निकाय र सरोकारवालासँग परामर्श गरी

प्रमाणमा आधारित सुधारको मार्गचित्र तयार गरियोस्। प्रणाली र संस्था केन्द्रित भएर रूपान्तरणमुखी सुधारका उपाय अबलम्बन गरियोस ।

१०. नागरिकसँग नियमित संवाद र जवाफदेहिताः सरकारप्रमुखको हैसियतले प्रधानमन्त्रीको संसद, प्रेस र नागरिक संग निरन्तर सम्बाद हुने अभ्यास स्थापित होस । सरकारका प्रतिबद्धता कार्यान्वयनको स्वतन्त्र अनुगमन र सार्वजनिक समीक्षा लेखाजोखा गर्ने व्यवस्था गरियोस्।

प्रधानमन्त्रीज्यू,

जनताले तपाईंको सरकारलाई विगतका सरकारभन्दा बढी शक्तिशाली बनाउन जनादेश दिएका हुन्, विगतकै गल्ती दोहोऱ्याउन होइन। जेनजी आन्दोलनले उठाएका सवाललाई राजनीतिक परिवर्तनमा मात्र सीमित राखेर त्यसको मर्म पूरा हुँदैन। आन्दोलनका क्रममा उठेका न्याय, समानता, सुशासन, जवाफदेहिता र मानव अधिकारका मागको सम्बोधन राज्यको व्यवहारमा देखिनुपर्छ।

सरकारलाई के हेक्का रहनु पर्छ भने आलोचना गर्नु सरकारविरोधी हुनु होइन। सरकारलाई आफ्ना प्रतिबद्धता सम्झाउनु र गलत निर्णय सच्याउन आग्रह गर्नु लोकतान्त्रिक समाजमा नागरिकको अधिकार र जिम्मेवारी दुवै हो। मानव अधिकार रक्षकका रूपमा हाम्रो भूमिका पनि यही हो। त्यहि भूमिकालाई आत्मसात गरेर हामी यो खुला पत्र लेखिरहेका छौं ।

सरकारले आलोचनालाई असहयोग ठान्नु हुँदैन। बरु त्यसलाई आफ्नो कार्यशैली सुधार्ने अवसरका रूपमा लिनुपर्छ। जनताको विश्वास कुनै निर्वाचनको परिणाम वा संसदीय बहुमतबाट मात्र प्राप्त भइरहने वस्तु होइन। त्यो राज्यको व्यवहार, निष्पक्षता, न्याय र जवाफदेहिताबाट आर्जन गर्नुपर्छ।

अहिले पनि जनताको ठूलो हिस्साले सरकारलाई शङ्काको सुविधा दिइरहेको छ। तर यो विश्वास अनन्तसम्म कायम रहँदैन। जनताको विश्वास गुमाएको खण्डमा सरकारलाई झन्डै दुईतिहाइ बहुमतले प्रभावकारी बनाउन सक्दैन। यो विगतमा स्थापित भइसकेको तथ्य हो।

तसर्थ, हामी सरकारसँग तत्काल आत्मसमीक्षा गर्न, गल्ती स्वीकार गर्न र आफ्नो प्राथमिकता तथा कार्यशैली सच्याउन आग्रह गर्दछौं।

परिवर्तनको अनुभूति घोषणापत्र र प्रतिबद्धतामा होइन, नागरिकले राज्यसँगको आफ्नो दैनिक व्यवहारमा अनुभव गर्न पाउनुपर्छ। जनताले खोजेको परिवर्तन यही हो। सरकारको परीक्षा पनि यही हो।

सरकारले शीघ्र आम नागरिकलाई परिवर्तनको अनुभूति दिन सकोस्। शुभकामना।

जवाफदेही निगरानी समितिमा आबद्ध मानव अधिकार रक्षकहरूः *राजुप्रसाद चापागाई (संयोजक), राजन कुईंकेल (सहसंयोजक), रुकमनी महर्जन (सहसंयोजक), सदस्यहरूः चरण प्रसाई, डा. गौरीशंकरलाल दास, डा. मन्दिरा शर्मा, दिनेश त्रिपाठी, सुमन अधिकारी, देवी सुनुवार, सावित्री श्रेष्ठ, बाबुराम गिरी, डा. विरेन्द्र थपलिया, जनकबहादुर राउत, इन्द्रप्रसाद अर्याल, विकास बस्नेत, अनिता थपलिया, भक्त विश्वकर्मा, बद्रीप्रसाद भुसाल, निराजन थपलिया, काशीराम ढुंगाना, लक्ष्मी पोखरेल, पुष्पराज पौडेल, सन्तोषबाबु सिग्देल, कमला पन्थी, रेश्मा थापा, डा. मुकुन्द कट्टेल, अनुपा अर्याल, ओजस्वी के.सी , डा. विद्या चापागाईं र सलिना काफ्ले ।*